CONSTRUCTION INDUSTRY COUNCIL
建造業議會

# कंक्रिटर
# कुशल ट्रेड टेस्ट
# नमुना प्रयोगात्मक प्रश्न पत्र

此文件關於混凝土工大工工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000 與工藝測試中心聯絡。

This document related to mock test paper of skilled trade test for Concreter. Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

# जवाफदेही नहुने बार

यो पत्र मा लेखिएका कुनै पनि कुराहरु CIC को लिखित आदेश बिना कसैले पनि छाप्न र प्रतिलिपि तयार गर्न पाउने छैन। प्रयोगात्मक रुपमा यो प्रश्न पत्रमा रहेको सामाग्री पूर्ण रुपमा सहि बनाउन सक्दो मेहनत गरेका छौ, यो हुदा पनि CIC सधै यो पढ्ने परीक्षार्थीहरुलाई आफ्नो यहि पेसा सम्बन्धि सल्लाहकारहरु बाट सल्लाह लिनको लागि प्रेरित गर्दछ र परीक्षार्थीहरुले यसैलाई नै आधारित मानेर अथवा यसलाई नै पूर्ण रुपमा भरोसा गरेर आफ्नो पेसा सम्बन्धि सल्लाहकारहरुको सल्लाहको विकल्पको रुपमा नलिन हुन हार्दिक अनुरोध गर्दछ।

# सम्पर्क को लागि

यो प्रश्न पत्र सम्बन्धि केहि जाचबुझ गर्न इच्छा लागेमा ट्रेड टेस्ट सेन्टरमा सम्पर्क गर्नसक्नु हुनेछ।


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५ यु कोङ्ग रोड |
| Aberdeen | एबरडीन |
| Hong Kong | होंगकोङ्ग |

| | |
|---|---|
| फोन नम्बर | :(852)2100 9000 |
| फ्याक्स नम्बर | :(852)2100 9249 |
| इमेल | : enquiry@cic.hk |
| वेबसाइट | : www.cic.hk |


©२०१८ कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

# ट्रेड टेस्टको प्रश्नपत्र

ट्रेड : कंक्रिटर (Concretor)

ग्रेड : स्किल्ड कामदार (Skilled Worker)

टेस्टका विषयवस्तुहरू : चित्र नम्बर 1 र 2 अनुसार, निम्न कार्यहरू तोकिएको स्थानमा पूरा गर्नुहोस :

1. कंक्रिटिङ गर्नुभन्दा पहिले गुणस्तर निरिक्षण गर्ने (10 अङ्क )

   i) कन्क्रिटको तापक्रम नाप्ने
   ii) स्लम्प (slump) टेस्ट

2. भर्याङको लागि कंक्रिटिङको (30 अङ्क )

   i) क्रेन अपरेटरसँग सम्पर्क गर्न सही हातको इशाराको प्रयोगगर्ने
   ii) कंक्रिट स्किपको उपयोग गर्ने
   iii) कंक्रिटलाई इन्टरनल भाईब्रेटरको मद्दतले खदिलो बनाउने
   iv) ट्रोवेल फिनिशिङ र क्युरिङ (Trowel finishing & curing)
   v) काम सकेपछि औजारहरूको सरसफाइ तथा मर्मत-सम्भार गर्ने

4. वाल (भित्ता) को लागि कंक्रिटिङ (30 अङ्क )

   i) क्रेन अपरेटरसँग सम्पर्क गर्न सही हातको इशाराको प्रयोगगर्ने
   ii) कंक्रिट स्किपको उपयोग गर्ने
   iii) कंक्रिटलाई इन्टरनल भाईब्रेटरको मद्दतले खदिलो बनाउने
   iv) ट्रोवेल फिनिशिङ र क्युरिङ (Trowel finishing & curing)
   v) काम सकेपछि औजारहरूको सरसफाइ तथा मर्मत-सम्भार गर्ने

४. स्ल्याबको लागि कंक्रिटिङ (30 अङ्क )

   i) काठको दह्रो पूल खडा गर्ने
   ii) व्हिल ब्यारो (wheel barrow) प्रयोग गरेर कंक्रिट ल्याउने पुर्याउने काम गर्ने
   iii) कंक्रिटलाई इन्टरनल भाईब्रेटरको मद्दतले खदिलो बनाउने
   iv) कंक्रिटिङ बूमबाट ट्रोवेल फिनिशिंग गर्ने
   v) काम सकेपछि औजारहरूको सरसफाइ तथा मर्मत-सम्भार गर्ने

समय अवधि : 3 घण्टा ( सरसफाइ कार्यसहीत )

ध्यान दिनु पर्ने कुराहरू :

1. हरेक परीक्षार्थीले परीक्षा सुरु गर्नु भन्दा पहिले अनिवार्यरूपमा परीक्षार्थीहरूले ध्यान दिनुपर्ने कुराहरू पढ्नु पर्नेछ।

2. यदि परीक्षार्थीले टेस्ट अवधिभर सुरक्षा सावधानीहरू अबलम्बन गरेनन्/गरिनन् भने उनलाई अनुत्तीर्ण (फेल) भएको मानिनेछ।


3. प्रश्नपत्र 4 पेजको छ। पूर्णाङ्क (फुल मार्क) 100 हो। उत्तीर्णाङ्क (पास मार्क) 60 हो।

**<u>परीक्षार्थीले ध्यान दिनुपर्ने कुराहरू :</u>**

1. परीक्षार्थीहरूले प्रश्नपत्रहरू ध्यान दिएर पढ्नु पर्छ र नबुझेको कुराहरू परीक्षकसँग सोध्न सक्नुहुन्छ ।
2. प्रश्नपत्रमा यदि कुनै चित्रहरू र विशेष विवरण छ भने परीक्षार्थीहरूले टेस्ट सुरु हुनुभन्दा अगावै त्यसलाई ध्यान दिएर पढ्नु पर्छ ।
3. परीक्षार्थीहरूले प्रश्नपत्र, दिएको कार्य नक्साहरू र विशेष विवरणअनुसार जाँच दिनुपर्छ ।
4. परीक्षार्थीहरूले जाँचमा आउँदा सेफ्टी जुत्ता आफैले लिएर आउनु पर्नेछ । अन्य चाहिने सेफ्टी सामाग्रीहरू भने ट्रेड टेस्टिङ् सेन्टर बाट नै उपलब्ध हुने छ । परीक्षार्थीहरूले कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्न सबै सुरक्षा सावधानीहरूको पालना गर्नु पर्नेछ ।
5. टेस्टमा चाहिने सबै टुल्स र सामाग्रीहरू ट्रेड टेस्टिङ् सेन्टरबाट नै उपलब्ध हुनेछ, उपलब्ध गरिएको टुल्स र सामाग्रीहरूको क्वालिटी र उपयोगिता चेकजाच भने परीक्षार्थीहरू आफैले गर्नुपर्नेछ । परीक्षार्थीहरूले सबै टुल्स र सामाग्रीहरू ट्रेड प्राक्टिस अनुसार सही तरिकाले प्रयोग गर्नुपर्नेछ । परीक्षार्थीहरूले टेस्टपछि सबै टुल्सहरू ट्रेड टेस्टिङ् सेन्टरलाइ अनिवार्य फिर्ता गर्नुपर्नेछ । यदि कुनै समस्या भएमा परीक्षार्थीहरूले परीक्षकसँग सोध्न र बुझ्न सक्नु हुनेछ ।
6. परीक्षार्थीहरूले टेस्ट र सम्बन्धित कामको लागि दिइएको टुल्स र सामाग्रीहरू टेस्ट दिंदा र सहायक कार्यहरू गर्दा चलाउन र प्रयोग गर्नु पर्नेछ ।
7. टेस्ट भैरहेको बेलामा परीक्षकले रेकर्डको लागि समय-समयमा फोटो खिचेर राख्नु हुनेछ ।
8. परीक्षार्थीहरूलाई मोबाइल र क्यामेराबाट कुनै फोटो वा भिडियो खिच्ने अनुमति छैन ।
9. इमर्जेन्सी अवस्थामा बाहेक टेस्ट भइरहेको समयमा परीक्षार्थीहरूले मोबाइल फोन प्रयोग गर्न पाउने छैनन् ।
10. तल लेखिएका मापदण्डमा आधारित रहेर मार्किङ (नम्बर दिने) गरिन्छ ।
    a. नक्सा र विशेष विवरणको सही तरीकाले बुझाइ
    b. टेस्टभन्दा पहिला सबै चाहिने तयारी
    c. कार्यहरूको (काम गर्ने) प्रक्रियाहरू
    d. कामको स्पष्टता तथा गुणस्तर
    e. कामको प्रगति
    f. सामग्रीहरूको सही ढँगले ह्याण्डलिङ
    g. टुल्स तथा उपकरणहरूको सही ढँगले प्रयोग
    h. सेफ्टी नियमहरूको पालन
    i. अरु ट्रेडहरूको बारेमा सोच्ने र विचार गर्ने
    j. टेस्ट सकिएपछि समानहरू मिलाउने र सरसफाइ
11. समय सकिने बित्तिकै सबै परीक्षार्थीहरूले टेस्ट रोक्नु पर्नेछ ।
12. टेस्ट सकिएपछि परीक्षार्थीहरूले टेस्ट पेपर अनिवार्यरूपमा परीक्षकलाइ बुझाउनु पर्नेछ ।
13. परीक्षकलाई घुस दिने प्रस्ताव गर्नु कानूनी अपराध हो, त्यस्तो केसहरूलाई ट्रेड टेस्टिङ् सेन्टरले आइ.सी.ए.सी. (ICAC) मा रिपोर्ट गर्नेछ ।

**यदि परीक्षार्थीले कुनै आवश्यक सेफ्टी सावधानीहरू पालना गर्न सकेनन् र/वा कुनै डरलाग्दो स्थितिहरूमा काम गरे/गरिन् भने उनी फेल भएको मानिनेछ ।**


# कंक्रिटर ट्रेड टेस्ट शप ड्राविंग- नक्शा -1




नोट : शप ड्राविंगले कंपोनेंट्सको डाइमेंशन्सहरु लाइ मात्रै जनाउछ बास्तबिक लोकेसन टेस्ट पोस्टमा आधारित हुन्छ।

ड्राविंग अनुपातको आधारमा छैन mm मा मापन गरिएको छ।

# कंक्रिटर ट्रेड टेस्ट शप ड्राविंग- नक्शा 2




नोट : शप ड्राविंगले कंपोनेंट्सको डाइमेंशन्सहरु लाइ मात्रै जनाउछ बास्तबिक लोकेसन टेस्ट पोस्टमा आधारित हुन्छ ।

ड्राविंग अनुपातको आधारमा छैन
mm मा मापन गरिएको छ ।